**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १४ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. रंगहरूको पर्व होली आज देशभरि परम्परागत उत्साह र हर्षोल्लासको साथमा मनाइयो।
२. पश्चिम बंगाल सहित दार्जीलिङ्ग पार्वतीय क्षेत्रका विभिन्न भागहरुमा पनि आज होलीको पर्व हर्षोल्लासको साथमा मनाइयो।
३. राज्य विधानसभामा विपक्ष को नेता शुभेंदु अधिकारीले आर. जी. कर मेडिकल कॉलेजमा महिला डॉक्टरसित दुष्कर्म अनि हत्या मामलामा राज्य सरकारले अपराधीहरुलाई बचाईरहेको आरोप लगाउनुभएको छ।
४. खरसाङको लङ्भ्यू चियाबारीमा श्रमिक एवं प्रबन्धन पक्षबीच चलिरहेको गतिरोध बीच आगामी 19 मार्चमा त्रिपक्षीय वार्ता हुने तय भएको छ।

**होली**

रंगहरूको पर्व होली आज देशभरि परम्परागत उत्साह र हर्षोल्लासका साथ मनाइँदैछ। यो पर्व वसन्त ऋतुको आगमन र असत्य माथि सत्यको विजयको प्रतीक हो। यस पर्वले एकता र सद्भावनालाई बढूवा दिदँछ। हिजो होलीका दहनका साथ यो पर्व सुरु भयो।राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड़, प्रधानमन्त्री नरेन्द्र मोदी अनि सूचना एवम प्रसारण मन्त्री अश्विनी वैष्णवले होलीको अवसरमा देशवासीहरुलाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले आफ्नो सन्देशमा भन्नुभयो, यो पर्वले, खुशी र उत्साह लिएर आउँदछ। उपराष्ट्रपति जगदीप धनखडले होलीको पर्व असत्य माथि सत्यको विजय र वसन्तको आगमनको प्रतीक भएको बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सन्देशमा भन्नुभयो हर्ष र उल्लासले भरिएको यो पर्वले सबैको जीवनमा नयाँ उत्साह र ऊर्जा ल्याउनेछ र देशवासीहरूमा एकताको रंगलाई अझ बलियो बनाउनेछ।

****** ० ******

**सोनाझुरी-होली**

यसै बीच गत आइतवार पर्यावरण, जंगल अनि वन्यजीवहरुको सुरक्षालाई ध्यानमा राख्दै वन विभागले शान्तिनिकेतनको सोनाझुरी हाट क्षेत्रमा रंग खेलनमाथि रोक लगाउन जारी गरेको एउटा अधिसूचना बीच सोनाझुरीमा आज स्थानीय मानिस अनि पर्यटकहरुले होली मनाए। यस अघि वन विभागले आज होली एवं दोल उत्सवको दिन सोनाझुरी जंगल मा अबीर खेल्न, गाड़ीहरु पार्क गर्न, ड्रोन उड़ाउन तथा फोटो खिच्नमाथि पूर्णरुपले प्रतिबंध लगाइदिएको थियो। तर हिज बिहीवार वन मंत्री बीरबाहा हांसदाले सोनाझुरी मा होली खेल्नमाथि कुनै रोक नरहेको बताउनुभयो। केवल पर्यावरणको सुरक्षालाई लिएर सतर्कता अपनाउने वन मंत्रीले सलाह दिनुभयो, जसपछि आज सोनाझुरीका मानिसहरुले हर्षोल्लासको साथमा आज होली मनाए। प्रशासनले सुरक्षाकोलागि भारी संख्यामा पुलिस बल तैनात पनि गरेको थियो।

****** ० ******

**जीटीए क्षेत्र होली**

गोरखाल्याण्ड क्षेत्रीय प्रशासन इलाकामा आज शान्तिपुर्ण ढंगमा हर्ष-उल्लासका साथ रंगहरूको पर्व होली पालन गरियो। होली पर्व आपसी प्रेम, आत्मियता र सौदार्दको पर्व हो। यहाँ मानिसहरूले रिस राग द्वेसलाई पर सारेर एकता र प्रेम अनि भईचाराको संदेश होली खेलेर दिन्छन्। दार्जिलिंग बजारमा सैकड़ो मानिसहरू रंग अबीर खेल्दै शोभायात्रा निकाले। चौरस्तामा विदेशी पर्यटकहरूले पनि रमाउँदै होली लगाए। इटली र अन्य देशहरूका पर्टकहरूले होली लगाएर खुशी व्यक्त गर्दै अनौंठो र रमाइलो पर्व रहेको बताए। धेरै राम्रो लाग्यो भनि पत्रकारहरूलाई बताए। खर्सांगमा भव्य शोभायात्राका साथ मानिसहरूले एक अर्कामा होली खेले। यहाँ पनि सैकड़ो मानिसहरू विशेष गरि युवा युवताहरूको सहभागिता देखियो। मिरिक, सुकिया पोखरी, सोनादा, तीनधारीया, महानदी, घैयाबारी, मंगपू, सिटोंग, 6 माइल ,बिजनबारी ,तकदाह .तिस्ता आदि क्षेत्रहरूबाट होली पालन गरिएको समाचार प्राप्त

भएको छ। यसरी नै आज बिहान देखि दिउँसो बारह बजी सम्म कालेबुंगमा भव्य होली उत्सव पालन गरियो। हजारों को संख्यामा स्थानीय मानिसहरू र ब्यवसायीहरूले एक अर्कालाई सुखा र गिलो रंग-गुलाल लगाउँदै होली मनाए। यस अवसरमा एउटा ठूलो झांकी पनि निकालिएको थियो। लाभा, पेदोंग, अलगढ़ा, लिंगसे, गोरूबथान, मालबजार आदि क्षेत्रहरूमा मानिसहरूले भव्य रूपमा होली खेलेको समाचार प्राप्त भएको छ। सिलगड़ी शहर तथा महकुमाका प्राय:सबै ठाँउहरूबाट भव्य रूपमा मानिसहरूले होली खेलेको समाचार पार्प्त भएको छ। शान्तिपूर्ण र सौहार्दपूर्ण होलीका लागि पुलिस प्रशासनले कड़ा व्यवस्था गरेको थियो।पश्चिम बंगालका विभिन ठाउंहरूबाट भव्य रूपमा होली पालन गरिएको समाचार प्राप्त भएको छ। कतिपय क्षेत्रहरू विशेष गरि एक समुदाय विशेषको बाहुल्य भएका क्षेत्रहरूमा पश्चिमबंगाल सरकारले निशेष गरेकोले भाजपाका नेताहरूले कड़ा विरोध गरे तथा कतिपय निषेध गरिएको ठाँउहरूमा जुलुस निकालेको पनि समाचार प्राप्त भएको छ। यद्यपी राज्यको कुनै पनि भागबाट कुनै अप्रिय घटनाको समाचार प्राप्त भएको छैन। होलीको अवसरमा राजायका राज्यपाल डा.सीबी आनन्द बोस, मुख्यमंत्री ममता बनर्जी, विपक्षी नेता र भाजपा विधायक सुभेन्दु अधिकारी, कांगेरस नेता अधिर रंजन चौधरी, जीटीए प्रमुख अनित थापा आदिले मानिसहरूलाई होलीको बधाई र शुभकामना दिएका छन। भाजपा सांसदहरूले होलीको बधाई र शुभकामना दिएका छन्। दार्जिलिंगका लोकसभा सांसद राजु बिष्टले पनि मानिसहरूलाई बधाई र शुभकामना दिएका छन्।

****** ० ******

**नेपाल होली**

नेपालको प्रमुख पर्व मध्ये होली आज देशका पहाडी भागहरूमा मनाइँदैछ। तराई क्षेत्रमा भोलि होली मनाइनेछ र बिहारका केही भागहरू लगायत मिथिलांचलमा भोली होली मनाइनेछ।होली,जसलाई फागु पूर्णिमा पनि भनिन्छ, यो वसन्त ऋतुको आगमनको प्रतीक हो। काठमाडौंको बसन्तपुर दरबार स्क्वायरमा मानिसहरूले एकअर्कालाई रंगीन अबीर लगाएर, रंगीन पानी फ्याँकेर होली मनाईरहेका छन् । श्रद्धालूहरू चीड़को खम्बामा जौको बोक्रा र गाईको गोबरको उपला चढाउन भेला भएका छन्, जुन आज राती जलाइनेछ।मानिसहरू स्थानीय ब्यान्ड र नेपाली वाद्ययन्त्रहरूका साथ लोक संगीतमा नाचिरहेकाछन् । चीन, अमेरिका, यूरोप, अस्ट्रेलिया र अन्य देशहरुबाट आएका विदेशी पर्यटक काठमाडौं दरबार स्क्वायरमा होलीको दृश्यले उत्साहित भएका छन। होलीको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले देशवासीहरुलाई बधाई दिनुभएको छ। आफ्नो शुभकामना सन्देशमा राष्ट्रपति पौडेलले, फागु पूर्णिमाले देशमा सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउन योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले होलीमा खेलिने विभिन्न रंगहरू जस्तै नेपाली समाज पनि विविध र रंगीन भएको बताउँदै सुख, शान्ति र समृद्धिको कामना व्यक्त गर्नुभय़ो।

****** ० ******

**शुभेन्दु-मुख्यमंत्री बैठक**

राज्य विधानसभामा विपक्ष को नेता शुभेंदु अधिकारी, मुख्यमंत्री ममता बनर्जीसित आगामी सप्ताह हुन गइरहेको बैठकमा शामेल हुने छैन्न्। यो बैठक आगामी 19 मार्चमा हुने निर्धारित भएको थियो, जसमा पश्चिम बंगाल सूचना आयुक्तको नियुक्तिबारे चर्चा प्रस्तावित थियो। श्री अधिकारीले आर. जी. कर मेडिकल कॉलेज मा गत वर्ष एक महिला डॉक्टरसित दुष्कर्म अनि हत्या मामलामा सरकारले अपराधीहरुलाई बचाईरहेको तथा पुलिसले प्रमाणहरुसित छेड़छाड़ गरिरहेको आरोप लगाउँदै बैठकमा भाग नलिने कुरो बताउनुभएको छ। यस मामलामा पीड़ितालाई न्याय प्राप्त नभए सम्म आफु, मुख्यमंत्रीसितको कुनै पनि बैठकमा शामेल नहुने अड़ान पनि श्री अधिकारीले स्पष्ट पार्नुभएको छ।

****** ० ******

**सीबीएसई परीक्षा होली**

केंद्रीय माध्यमिक शिक्षा बोर्ड-सीबीएसईले भोलि शनिवार हुन गइरहेको कक्षा 12 को परीक्षाहरु देश का विभिन्न भागहरुमा आज होली को त्यौहार मनाइए तापनि तय समयमा नै आयोजित हुने जानकारी दिएको छ। बोर्डले एउटा बयान मा भनेको छ कि हिंदी कोर अनि हिंदी वैकल्पिक विषयहरुका लागि कक्षा 12 को परीक्षाहरु निर्धारित तिथि मा नै आयोजित हुनेछ। यद्धपी भोलि हुन गइरहेको परिक्षाहरुमा शामेल हुन नसक्ने छात्रहरुलाई, राष्ट्रीय तथा अंतरराष्ट्रीय स्तरका खेल आयोजनहरुमा भाग लिने छात्रहरुका लागि आयोजित विशेष परीक्षा मा शामेल हुने अवसर प्रदान गरिने कुरो पनि बोर्डले स्पष्ट पारेको छ।

****** ० ******

**लङभ्यू चियाबारी**

खरसाङको लङभ्यू चियाबारीको "चाटर अफ् डिमान्ड" त्रिपक्षीय बैठकमा हिल प्लान्टेसन इम्प्लोइज युनियन लङभ्यू एकाईले गत 14 फरवरीमा 18 बुँदे वार्षिक मांग सूची प्रबन्धकलाई सुम्पिएको थियो। जसपछि प्रबन्धकले बैठक राख्ने आश्वासन दिए तापनि हालसम्म बैठकको पहल भने गरिएको छैन। यसैबीच प्रबन्धक पक्षले चियापत्ती टिप्ने निर्णय लिएपछि श्रमिकहरू गेट मिटिङमा उत्रेका थिए। तर 2 फरवरीको दिन 'नो वर्क नो पे' को नोटिस जारी गरेर प्रबन्धकले बगान अचल राखेको थियो। यी जम्मै विषयहरू लिएर युनियनले 11 मार्चको दिन खरसाङ एएलसी कार्यालयमा इन्ड्रस्ट्रियल डिस्प्युट एक्ट 1947 को आधारमा लङभ्यू सम्बन्धि डिस्प्यूट जमा गरेको थियो। 13 मार्चको दिन एएलसी कार्यालयबाट उक्त विषयबारे आगामी 19 मार्च 2025 को दिन त्रिपक्षीय वार्ता राखिएको पत्र प्राप्त भएको छ। सम्बन्धित निकायको यस पहलको सम्मान गर्दै युनियनले 19 मार्चसम्म गेट मिटिङ नगर्ने निर्णय लिएको छ। युनियनकी सचिव विन्ध्या थापाले भनिन् - "पत्ति टिप्ने नटिप्ने छलफल 19 मार्चको मिटिङमा हुनेछ। हामी त अन्य काम गर्न राजी छौँ।"

****** ० ******

**ज्ञापन पत्र**

पश्चिम बंगाल विश्वचविध्यालय, विश्वविद्यालय प्राध्यापक संघ, दार्जिलिङ जिल्ला समिति (हिल्स) जीटीएका सदस्यहरुको एक टोलीले खरसाङको गिद्ध पहाडस्थित जीटीएको सचिवालयमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापासित भेट वार्ता गरेका छन्। यस अवसरमा जीटीए क्षेत्रका सरकारी सहायता प्राप्त कलेजहरूको सुचारु सञ्चालनलाई असर गर्ने चिन्ताजनक तथ्यहरुप्रति ध्यान आकर्षित गर्न एउटा ज्ञापन पत्र पनि सुम्पिएको छ। ज्ञापन पत्रमा जीटीए क्षेत्रमा उच्चत्तर शिक्षा निधि स्थापना गर्ने दीर्घकालीन मागलाई स्वरूप दिनु मांग गरिएको छ। यस्तै प्रकारले जीटीए अन्तर्गतका सरकारी सहायता प्राप्त विश्वविध्यालयहरूका लागि पश्चिम बंगाल स्वास्थ्य योजना लागू नभएको पनि बताइएको छ। जीटीए अन्तर्गतका कलेजहरूको लागि विकास कोषको विनियोजन गर्नु पर्ने मांग  पनि गरिएको छ तथा विभिन्न रिक्त पदहरू भर्ने मांग पनि गरिएको छ। ज्ञापन पत्रमा राज्य सहायता प्राप्त कलेज शिक्षकहरूका अन्य मुद्दाहरु विषयमा पनि उल्लेख गरिएको बताइएको छ। पश्चिम बंगाल कलेज, विश्वविद्यालय प्राध्यापक संघ, दार्जिलिङ जिल्ला समिति (हिल्स) जीटीएका सदस्यहरुले चढाएको ज्ञापन पत्र विषयमा जीटीए प्रमुख कार्यपाल अनित थापाले उनीहरुलाई यी मुद्दाहरूलाई उचित अधिकारीहरूसँग उठाउने र समाधान सुनिश्चित गर्न आवश्यक कदमहरू चालिनेछन् भनी वचन दिएका छन्। उनले उनीहरुलाई चाँडै नै जीडीपीआई (JDPI) को मुद्दा अनि अन्यमाथि चर्चा गर्न अनि समाधान निकाल्न एउटा बैठक डाक्ने वचन दिएका छन्। बैठकमा मुख्य सचिव, जीटीए, शिक्षा विभागका कार्यकारी निर्देशक अनि अन्य स्टेक होल्डर रहने भएका छन्। उक्त भेटघाटमा अनित थापाले भने, शिक्षा हाम्रो भविष्यको आधार हो। भोलिको सोचलाई आकार दिलाउने प्रध्यापक अनि संस्थाहरुप्रति मेरो समर्थन अनि प्रतिबध्दता छ।' उनले यस विषयमा अघि भने, हामी एक भएर हाम्रो क्षेत्रको लागि बलियो र अधिक प्रगतिशील शैक्षिक ढाँचा निर्माण गरौं।'

****** ० ******